बैठक संख्या नं. : ३६

आज मिति २०८१/०४/०८ गते मंगलवारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री उद्धब कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री सुमन्त कोईराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अनिता थापा | का.बा.वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १६ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १७ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १८ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| १९ | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २० | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २१ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २३ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २४ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २५ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २६ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |

सचिव

श्री बिष्णु भक्त सिग्देल प्रमुख प्रशासकीय अधिकृत

## बैठकको एजेन्डाहरु

१. विपद् शिर्षकमा बजेट व्यवस्थापन सम्बन्धमा ।

२. कर्मचारी स्तरवृदि सम्बन्धमा ।

३. सामुदायीक विधालयको नगरस्तरमा करारमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि,२०८० संशोधन सम्बन्धमा ।

४. बरुवामा रहेको नदीजन्य पदार्थ हटाउन विपद व्यवस्थापन समितिबाट सिफारिस गरि जिल्ला विपद व्यवस्थापन समितिबाट निर्णय गराउन पहल गर्ने सम्बन्धमा ।

५. करार कर्मचारीको समयावधि थप सम्बन्धमा ।

६. विपदमा भएको खर्च अनुमोदन सम्बन्धमा ।

७. राजश्व व्यवसाय दर्ता प्रयोजनको लागि ऐलानी जग्गाको चारकिल्ला प्रमाणित वडाबाट हुनु पर्ने सम्बन्धमा ।

८. तरकारी बजार व्यवस्थापन सम्बन्धमा ।

९. व्यवसाय दर्ताका लागि घुम्ती टोलि खटाउने सम्बन्धमा ।

### विविध

क) आ.व. २०८०/०८१ को भुक्तानी बाँकीको म.ले.प.फा नं १८ भरि भुक्तानी दिने सम्बन्धमा ।

ख) त्रियुगा नगरपालिकाको आधारभूत अस्पताल(नगर अस्पताल) संचालन कार्यविधि,२०८१ स्वीकृत गर्ने सम्बन्धमा ।

ग) आ.व. २०८१/०८२ को लागि नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा।

घ) योजनाको लागत अनुमानको नँया ढाँचा स्वीकृत गर्ने सम्बन्धमा ।

ङ) नगर प्रमुख तथा उप प्रमुखले प्रयोग गर्ने सवारी चालकको सेवा सुविधा निरन्तरता सम्बन्धमा ।

च) वडा नं ४ को आधारभूत स्वास्थय चौकीलाई आफ्नै भवनमा सारि अनमि पदमा जग्गादाताको परिवारजन १ लाई कामकाजमा लगाउने सम्बन्धमा ।

छ) विभिन्न प्रदेशबाट कामकाजका लागि खटिआएका कर्मचारीको पदस्थापना सम्बन्धमा ।

ज) आर्थिक सहायता सम्बन्धमा ।

वडा नं. ८ मा एक वडा एक तरकारी बजार व्यवस्थापन गर्ने गरी निर्णय गर्नु पर्ने ।

निर्णय नं. ६८६

आ.व. २०८१/०८२ को लागि १-१६ वटै वडामा समान रुपले रु २,००,०००/- (दुई लाख) बजेट विपद व्यवस्थापन शिर्षक अन्तर्गत राखि सम्भाव्य विपत प्रतिकार्य तथा आवश्यक सामाग्रीको वडाबाटै व्यवस्थापन गरि जोखिम तथा प्रभावित स्थान र प्रभावितलाई सामाग्री तथा राहत वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ६८७

त्रियुगा नगरपालिकाको दरवन्दिमा कार्यरत देहायका कर्मचारीहरुको स्थानीय सरकारी सेवा(गठन तथा संचालन)ऐन २०८० को दफा ४ को उपदफा ५ र दफा २७ को १,२ बमोजिम मिति २०८१/०४/०१ गतेदेखि लागू हुनेगरि स्वतः एक तह वृद्धि गर्ने निर्णय गरियो।

त्रियुग नगरपालिकाको दरबन्दिमा कार्यरत देहायका कर्मचारीहरुको स्थानीय सरकारी सेवा(गठन तथा संचालन)ऐन २०८० को दफा ४ को उपदफा ५ र दफा २७ को १,२ बमोजिम मिति २०८१/०४/०१ गतेदेखि लागू हुनेगरि स्वतः एक तह वृद्धि गर्ने निर्णय गरियो ।

| सि.न. | कर्मचारीको नाम थर | जन्म | ठेगाना | हालको पद | सेवा समुह /उप समुह | श्रेणी तह | हालको पदमा नियुक्ती/बढुवा | जम्मा सेवा अवधी | शैक्षिक योग्यता | तह वृद्धि हुने पद र तह | समायोजन भएको मिति | समायोजन भएको कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विनया बस्नेत | २०४९-०५-०६ | त्रि.न.पा. ११ | अधिकृत सातौं | प्र/सा.प्र. (लेखा) | सातौं | २०७२।०८।१५ | ८ वर्ष ७ महिना | स्नातकोत्तर | अधिकृत आठौं | २०७५।११।१७ | त्रि.न.पा. |
| २ | किरण कुमार कार्की | २०२२।०५।०२ | त्रि.न.पा. ११ | अधिकृत सातौं | हे.ईन्सपेक्सन | सातौं | २०७०।०९।०३ | १० वर्ष ५ महिना | प्रविणता प्रमाणपत्र | अधिकृत आठौं | २०७६।०४।२९ | त्रि.न.पा. |
| ३ | रोनिशा खतिवडा | २०४४।०२।२१ | त्रि.न.पा. १० | सहायक पाँचौं | प्र/सा.प्र. | पाँचौं | २०७०।०९।२५ | १० वर्ष ५ महिना | स्नातकोत्तर | अधिकृत छैठौं | २०७६।०३।०९ | त्रि.न.पा. |
| ४ | किशोर कुमार राई | २०३४।११।२५ | त्रि.न.पा. ३ | सहायक पाँचौं | प्र/सा.प्र. | पाँचौं | २०७४।०३।०६ | ७ वर्ष | प्रविणता प्रमाणपत्र | अधिकृत छैठौं | २०७५।११।३० | त्रि.न.पा. |
| ५ | कुमार सिंह थापा | २०४६।१०।०७ | त्रि.न.पा. ११ | सहायक पाँचौं | प्र/सा.प्र. | पाँचौं | २०७५।०२।०९ | ६ वर्ष १ महिना | स्नातक | अधिकृत छैठौं | २०७५।११।३० | त्रि.न.पा. |
| ६ | गुरू प्रसाद ढकाल | २०३३।११।११ | त्रि.न.पा. ११ | सहायक पाँचौं | प्र/सा.प्र. | पाँचौं | २०६४-०५-१४ | १६ वर्ष | प्रविणता प्रमाणपत्र | अधिकृत छैठौं | २०७५-०९-०३ | त्रि.न.पा. |
| ७ | भगवती खतिवडा | २०४७।११।१८ | त्रि.न.पा. ११ | सहायक चौथो | प्र/सा.प्र. | चौथो | २०७०।१०।२२ | १० वर्ष ४ महिना | स्नातक (मानविकी) | सहायक पाँचौं | २०७५।११।२१ | त्रि.न.पा. |
| ८ | हिमाल दनुवार | २०४८।०९।०६ | त्रि.न.पा. ९ | सहायक चौथो | प्र/सा.प्र. | चौथो | २०७०।१०।२२ | १० वर्ष ४ महिना | प्रविणता प्रमाणपत्र | सहायक पाँचौं | २०७५।११।२१ | त्रि.न.पा. |

(ख) स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन २०८० को दफा २७ को उपदफा १,२ बमोजिम स्वत एक तह वृद्धि हुने कर्मचारीहरु

| सि.न. | कर्मचारीको नाम थर | जन्म | ठेगाना | हालको पद | सेवा समुह /उप समुह | श्रेणी तह | हालको पदमा नियुक्ती/बढुवा | जम्मा सेवा अवधी | शैक्षिक योग्यता | तह वृद्धि हुने पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरूषोत्तम बस्नेत | २०२९-०१-१२ | त्रि.न.पा. ११ | खा.पा.स.टे | इन्जिनियरिङ्ग | पाँचौं | २०७६।०२।०६ | ५ वर्ष १ महिना | एस.एल.सी | अधिकृत छैठौं |

| का.स.मु औषत अंक | | | समायोजन भएको मिति | समायोजन भएको कार्यालय |
|---|---|---|---|---|
| ०७७।०७८ | ०७८।७९ | ०७९।८० | | |
| ४०.० | ४०.० | ४०.० | २०७६।०२।०३ | त्रि.न.पा. |

निर्णय नं. ६८८

मिति २०८१।०३।२५ गते आएको अविरल वर्षाबाट बरुवा खोलामा ठुलो बाढी आइ गाईघाट, दिक्तेल सडकमा पर्ने बरुवा खोलाको पुल र सोही नदिको केहि तल पर्ने मदन भण्डारी सडक खण्डको बरुवा पुल समेत लाई बाढीले छोएको हुदाँ उक्त स्थानको नदि जन्य पदार्थ तुरुन्त ननिकाल्ने हो भने पुलमा क्षेति हुने अवस्था देखिएकोले गाईघाट-दिक्तेल सडक खण्डको बरुवा पुलदेखी बरुवा खोला मिसिने त्रियुगा नदिको दोभान सम्मको स्थानमा कम्तिमापनी ५० मिटर चौडा र २ मिटरको गहिराई सम्म यस विपदको समयमा नदिजन्य पदार्थ निकाल्नु पर्ने र यस सम्बन्धमा ढुंगा, गिटि, बालुवा उत्खन्न बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ३ ख मा नदि खोला र खहरेहरूमा बाढी पहिरोको कारण नदि जन्य पदार्थ थुप्रिन गई सो को कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने स्थिति सृजना भएमा नदीजन्य पदार्थ निकाल्न प्राविधिक टोलीको सिफारिसमा जिल्ला विपद व्यवस्थापन समितिबाट निर्णय गर्नुपर्ने प्रावधान भएकोले यसका लागि जिल्ला विपद व्यवस्थापन समिति उदयपुरमा अनुरोध गर्ने र समयमा नै नदि जन्य पदार्थ निकाल्न नसकेमा थप क्षेति हुने सम्भावना समेत भएकोले सो निर्णयका लागि आवश्यक पहल गर्ने निर्णय मिति २०८१/०४/०७ मा बसेको नगर स्तरिय विपद व्यवस्थापन समितिबाट भएकोले सो बमोजिमको कार्यका लागि आवश्यक पहल गर्ने ।

निर्णय नं. ६८९

यस नगरपालिकाको स्वीकृत दरबन्दी बमोजिमका पदमा करार,ज्यालादारी र कार्यक्रम तथा परियोजना अन्तर्गत कार्यरत कर्मचारीहरुको २०८१ श्रावण १ देखि लागु हुनेगरे २०८१ पौष मसान्त सम्मको लागि म्याद थप गरि कामकाजमा लगाउने निर्णय गरियो ।साथै वडा नं ११ मा एकजना मात्र इलेक्ट्रिसियनले कार्य गर्न गाह्रों भएकोले सोहि वडामा सरसफाईकर्मिको रुपमा कार्यरत हेम प्रसाद भट्टराई विद्युत सम्बन्धि कार्यमा समेत अनुमति प्रमाणपत्र प्राप्त भएकोले निजलाई इलेक्ट्रिसियनको रुपमा कामकाजमा लगाई मासिक रु २०,७००/- पारिश्रमिक उपलब्ध गराउने र सोहि वडामा सरसफाईकर्मिको आवश्यकता रहेकोले त्रि.न.पा ०६ स्थायी ठेगाना भई हाल त्रि.न.पा ११ बस्ने पुष्पा भट्टराई(ना.प्र.नं१४१०४५/१११३४६,२०६८/०२/०१) लाई करारमा कामकाज गराउने भनि सिफारिस आएकोले सोहि बमोजिम मासिक रु १५,०००/- पारिश्रमिक उपलब्ध गराई मिति २०८१/०४/०९ गतेदेखि कार्यमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ६९०

मिति २०८१/०३/२५ गते विहान देखि अविरल बर्षा भई त्रि.न.पा.११ ढिम्कीमा बरुवा खोलामा रहेको बाँध कटान गरि गाईघाट बजार क्षेत्रमा बाढी पस्न आटेकोले नदिको बहाव परिवर्तन गरी जोखिम नियन्त्रण कार्यको लागि देहायको शिर्षकमा प्राविधिक लागत अनुमानको आधरमा हुन आएको तथा अन्य खर्च अनुमोदन गरि सम्बन्धितलाई नगरको विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

क) स्काभेटर संचालन वापत (इन्धन बाहेक) रु १,७८,५५१.१०/-

ख) लोपेड भाडा(स्काभेटर बोक्ने) रु ५०,०००/-

ग) इन्धन डिजेल ११०० र पेट्रोल ६० गरि ११६० लिटरको तत्कालिन दर बमोजिमको खर्च रकम

घ) तारजाली भरेको रु २,३४,९८७/-

ङ) ढुङ्गा खरिद वापत खड्का ब्रोदर्श कन्सट्रक्सन को रु २,१४,९३०/-

च) भाडाको जे सि भि संचालन ३५,९१७.६०(इन्धन बाहेक)

छ) खाना तथा खाजामा श्रेष्ठ होटल त्रि.न.पा.११ को रु १,०८,३५०/- स्वीट एण्ड चाट हाउस त्रि.न.पा ११ को रु ६९,४६०/- ,होटल मुंगेरी स्वीट एण्ड स्न्याक त्रि.न.पा १० को रु ३२,०००/-

ज) कामदारको बेलुकाको होटल बास तथा खाना खाजा वापत होटल परासरमा भएको खर्च रु ४६,६८०/-

झ) औजार,उपकरण तथा ब्यान्डिङ्ग तार खरिद वापतको रु २६,५६६/

ञ) गाडी भाडा वापत रु ४,०००/-

ट) रेनकोट खरिद रु ६,६५०/-

ठ) वडा नं १५ मा राहात सामाग्री ४५० के.जि चामल वापत रु ३५,१००/-

निर्णय नं. ६९१

नगरक्षेत्र भित्रका ऐलानी जग्गामा संचालित तथा सम्भाव्य होटल व्यापार तथा व्यवसायको दर्ता प्रयोजनको लागि संचालन स्थानको जग्गाको चारकिल्ला तथा नगरपालिकाबाट प्रदान गरिएको निस्सा सहित वडाको सिफारिस साथ आएमा व्यवसाय दर्ता गर्ने व्यवस्था गर्ने ।

निर्णय नं. ६९२

त्रियुगा नगरपालिका वडा नं १३ मा रहेको सगरमाथा वृ.नि बजारलाई व्यवस्थित ढङ्गले संचालनका लागि अनुगमन टोलिले दिएको प्रतिवेदनको आधारमा व्यवस्थित गर्दै लैजाने ।

निर्णय नं. ६९३

आन्तरिक आय वृद्धिको लागि त्रियुगा नगरपालिकामा कार्यरत विभिन्न कर्मचारीहरुलाई व्यसाय दर्ता ,विकरण तथा करदाता शिक्षा चेतना प्रवर्धनका लागि घुम्ति टोलिको रुपमा १-१६ वटै वडामा परिचालन गर्ने ।

## विविध

क) आ.व.२०८०/०८१ को देहायको भुक्तानी बाँकी रकम म ले प फा नं १८ भरि भुक्तानी दिने निर्णय गरियो ।

